स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



चलचित्र विकास बोर्डले सोमबार बक्सअफिस रिपोर्ट सार्वजनिक गरेको छ। जसअनुसार नीर शाह स्टारर चलचित्र 'परान' ले घरेलु बक्सअफिसमा १७ करोड रुपैयाँ ग्रसभन्दा धेरै कमाइ गरेको छ। २० मंसिरसम्म चलचित्रले १६ करोड ९७ लाख ९३ हजार ३५४ रुपैयाँ ग्रस कमाएको छ। आइतबारसम्मको हिसाब जोड्दा चलचित्रको कमाइ १७ करोड नाघेको छ।

**आजको विचार...**



व्यवस्था...
(दुई पेजमा)

मनोजकुमार कर्ण



अभिनेत्री वर्षा राउत पछिल्लो समय फिल्म 'हर्ष' को प्रचारप्रसारमा छिन्। केही दिनअघि उनले एक टिभी कार्यक्रममा श्रीमान संजोग कोइरालासँगै पुगेर अन्तर्वार्ता दिइन्। उक्त कुराकानीमा वर्षाको वैवाहिक सम्बन्ध, खटपटको चर्चा, हातमा देखिएको दागसहितका धेरै कुराबारे चर्चा भएको देखिन्छ। कुरा यतिकैमा रोकिएन, त्यसपछि पनि वर्षाले सामाजिक सञ्जाल प्रयोगकर्ताको टिप्पणीबाट हैरानी खेप्नुपरेको छ।

❒ वर्ष ३१ अंक १३३ ❒ २०८२ मंसिर २४ गते बुधबार 10 December 2025, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### सीमा झडपमा सातको मृत्यु

(रासस/क्युएनए)

**बैङ्कक,** मङ्सिर २३/दुई देश बिचको सीमामा झडप र हिंसा बढ्दै जाँदा थाईल्यान्डले कम्बोडियाको क्षेत्रमा प्रहार गरे पछि मंगलबार सात जना सर्वसाधारणको मृत्यु हुनुका साथै कम्तिमा २० जना घाइते भएको जनाइएको छ । कम्बोडियाको संघिय रक्षा मन्त्रालयका प्रवक्ता लेफ्टिनेन्ट जनरल माली सोचेटाले कम्बोडिया भित्रका क्षेत्रहरूमा गोलाबारी भएको जनाउदै घटनाको पुष्टि गरेका छन् । उनले आक्रमणहरूलाई "अमानवीय र क्रूर "भन्दै आक्रमणहरू अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिमको निर्देशनमा अक्टोबर-२६ मा दुवै देशका प्रधानमन्त्रीहरूले हस्ताक्षर गरेको युद्धविराम सम्झौता र संयुक्त घोषणापत्रको विरुद्ध भएको बताउनु भएको छ । बैङ्कमा, थाई सेनाले कम्बोडियासँगको सीमा झडपमा दुई सैनिकको मृत्यु भएको घोषणा गरेको छ, यो सँगै आइतबार लडाइँ पुन: सुरु भए देखि मृत्यु हुने थाई सेनाको सङ्ख्या तीन पुगेको जनाइएको छ ।

# धुलोमै खेल्छन् खेलाडी, धुलोमै बस्छन् दर्शक

रासस

**गलकोट (बागलुङ),** मङ्सिर २३/ बागलुङ नगरपालिका-१ रामरेखास्थित बाङ्गेचौर खेलमैदानमा मङ्सिर लागेपछि गतिविधि बढेको छ । विद्यालयस्तरीय साना खेल होस वा यहाँ आयोजना हुने ठूला राशिका खेल हुन् सबै यही मैदानमा हुन्छ । हालै बागलुङ नगरपालिकाको तेस्रो मेयरकप प्रतियागिता यही मैदानमा भयो ।

तत्कालै बागलुङ नगरपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्डदेखि जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्डसम्म यही खेल मैदान आयोजना गर्न थालिएको छ । यसपटक गण्डकी प्रदेशस्तरीय राष्ट्रपति



रनिङ शिल्ड प्रतियोगिताका केही खेल यही खेल मैदानमा हुने तयारी छ । तर यसरी उत्साह पूर्णरुपमा प्रतियोगिता आयोजना भइरहेको मैदान भने खेलाडी र दर्शकमैत्री छैन । बर्खामा हिलाम्मे खेलमैदान हिउँदमा धुलाम्मे हुन्छ । न हरियाली छ न व्यवस्थित प्याराफिट । खेलाडी धुलोमै खेल्छन्, दर्शक धुरोमै बसेर हेर्न बाध्य भएका छन् । खेल अगाडि छर्केको पानी क्षणभरमै सुक्ने गरेको छ भने धुलो उडेर खेल प्रभावित हुने गरेको खेलाडीको गुनासो छ । जिल्लाकै ठूलो खेलमैदानका रुपमा रहेको बाङ्गेचौर खेलमैदान पूर्वाधारको अभावका बीच खेल सञ्चालन गर्न बाध्य रहँदै आएको छ । बागलुङ नगरपालिकाले रु तीन लाख ३३ हजार पुरस्कार राशिको तेस्रो मेयरकप मङ्सिर १४ देखि १८ गतेसम्म सम्पन्न भएको थियो । सयौँ दर्शकको बीचमा सञ्चालनमा आएको खेलमा खेलाडीको उत्साह र दर्शकको हौसलामा कमी नभएको मेयरकपमा दर्शकहरु मैदानको भित्ता, रुख र चौतारीमा बसेर हेर्न बाध्य भएका थिए । लेबल नमिलेको मैदानमा धुलो उडेका कारण खेलाडीलाई खेल खेल्न सास्ती भए पनि सबै कुरा बिर्सेर खेलाडी गोल गर्न मात्रै केन्द्रित हुने मेयर कपको उपाधि चुमेका कप्तान निसान थापा बताउन्छन् । "खेलाडीका लागि समथर हरियाली मैदान भए कति सहज हुन्थ्यो, मैदानमा धुलोको हुँदैन गोल गर्न हाम्रो ध्यान केन्द्रित हुन्छ, तर खेल सकिएपछि धुलोका कारण श्वासप्रश्वासमा समस्या देखिने, आँखा पोल्ने हुन्छ", थापाले भने, "दर्शक धुलोमै बसेर खेल हेरेका हुन्छन्, दमकलको पानीले धुलो मारे पनि केही छिनमै धुलो उडिहाल्छ, भनेको ठाउँमा बल नजाँदा कतिपय गोल गर्न नसकिएको उदाहरण छ, कम्तीमा मैदान समथर र हरियाली मात्रै भए खेलाडीलाई ठूलो राहत हुन्थ्यो ।" बाङ्गेचौरलाई रङ्गाशाला बनाउने योजना 'डिपिआर'मै थन्किएको छ । थापाले खेलमैदानमा पानी नहाली खेल्ने हो भने धुलोले खेलाडी नै नचिनिने अवस्था रहेको सुनाए । खेलमैदानमा खानेपानी, शौचालय र पोसाक परिवर्तन गर्ने कोठा छैन । बागलुङ नगरपालिकाका नगरप्रमुख वसन्तकुमार श्रेष्ठले बाङ्गेचौर खेलमैदान जिल्लाकै गहना भएको बताउँदै बाङ्गेचौरको स्तरोन्नतिका सपना अझै पूरा गर्न नसकिएको बताए । उनले खेलमैदान सामुदायिक वनसँग जोडिएकाले पूर्वाधार निर्माण गर्न समस्या भएको बताए । यसअघि रङ्गाशाला बनाउन सैंय सरकारबाट आएको रु आठ करोड बजेट रुख काट्न नसक्दा फिर्ता भएको उनको भनाइ छ ।

**सार्वजनिक सेवालाई भ्रष्टाचारमुक्त बनाऔं।**


-आफ्नो काम कानूनी प्रक्रिया र नियमअनुसार गरौं,
-उपहार दिने र लिने नगरौं,
-सेवाग्राहीलाई अनावश्यक दु:ख दिने कार्य नगरौं,
-सेवा दिन कुनै ढिलासुस्ती नगरौं,
-घुस लिने र दिने दुवै अपराधी हुन्,
-सदाचारीलाई सम्मान र पुरस्कृत गरौं, भ्रष्टाचारीलाई कारवाही गरौं,
-भ्रष्टाचार र अनियमितता विरुद्ध आवाज उठाऔं,
-अनियमितता भएको देखेमा तुरुन्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोल-फ्री नम्बर १०७ वा सम्बन्धित निकायमा सम्पर्क गरौं।
भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता अपनाऔं, सार्वजनिक सेवालाई पारदर्शी र जवाफदेही बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## काँग्रेसको नयाँ सदस्य वितरण : साढे सात लाख फाराम जिल्ला पठायो

**पाल्पा,** मंसिर २३/महाधिवेशनको तयारीमा जुटेको नेपाली कांग्रेसले नयाँ क्रियाशील सदस्यहरूका लागि झण्डै साढे सात लाख फारमहरू जिल्ला पठाएको छ । काँग्रेसले सुरूवातमा २५ प्रतिशत र पछिल्लो समय ७५ प्रतिशत सदस्यता फारम जिल्लाहरूमा पठाएको हो ।

काँग्रेसको 'क्रियाशील सदस्यता व्यवस्थापन समिति'का सदस्य प्रकश रसाइली 'स्नेही'ले अपवादबाहेक सम्पूर्ण जिल्लामा केन्द्रीय कार्यालयबाट नयाँ क्रियाशील सदस्यता फारमहरू पठाइसकिएको बताए । 'कतिपय ठाउँमा थप फारम पनि माग्ने अवस्था रहेको छ,' उनले भने । पार्टी कार्यालय स्रोतका अनुसार १६५ मध्ये १९ वटा निर्वाचन क्षेत्रले थप नयाँ फारम लैजान बाँकी छ । बुधबारसम्ममा यो संख्या १० मा झर्ने कार्यालयले जनाएको छ । कांग्रेसले गत असारमा क्रियाशील सदस्यताको



अनुपातमा २५ प्रतिशत नयाँ क्रियाशील बाँड्ने निर्णय गरेको थियो । तर १५ मंसिरमा सम्पन्न केन्द्रीय कार्यसमितिको बैठकले सदस्यता वितरणमा लचकता अपनाउने निर्णय गरेपछि धमाधम नयाँ क्रियाशील सदस्यताको माग भइरहेको छ । सदस्यता व्यवस्थापन समितिले ७७ जिल्ला सभापतिहरूलाई क्रियाशील सदस्यता नवीकरणको 'डाटा इन्ट्री'का लागि 'आईडी' र 'पासवर्ड' उपलब्ध गराइसकेको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY

# सम्पादकीय

## मानव अधिकार संरक्षणको सवाल

साधारणतया विश्वको जुनसुकै व्यक्तिलाई स्वतः प्राप्त हुने अधिकारलाई मानव अधिकार भनिन्छ । प्रत्येक व्यक्तिलाई न्यूनतम मानवीय मर्यादासहित हुर्कन, बाँच्न र जीवनयापन गर्नका लागि मानव अधिकारहरूको आवश्यकता पर्छ । जसको अभावमा प्रत्येक व्यक्तिलाई मानवको रूपमा जिउन कठिन हुन्छ । यस्ता अधिकार धनी, गरिब, ठूला, साना, काला, गोरा, महिला, पुरुष, बालक, वृद्ध सबैलाई उत्तिकै आवश्यक हुन्छन् । नेपालको सन्दर्भमा भन्ने हो भने राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ अनुसार मानव अधिकार कुनै पनि व्यक्तिको जीवन, उसको स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानुनहरूद्वारा प्रदान गरिएका अधिकारलाई सम्झनुपर्छ । तर लम्बिदो संक्रमणकाल र राजनीतिक अस्थिरताको कारण नेपालमा मानव अधिकारको अवस्था कमजोर हुँदै गएको छ । विधिको शासनको अभावले गर्दा लामो समयअधिका पीडितले समेत न्याय पाउन सकेका छैनन् । विगत दशवर्षे सशस्त्र युद्धको समयमा ठूलो संख्यामा हत्या, हिंसा तथा अपहरणजस्ता मानव अधिकार हननका घटनाहरु भए । युद्धका घाउमा मल्हम लगाउने काम अहिलेसम्म पनि हुन सकिरहेको छैन ।

विश्वमा ठूलठूला क्रान्ति र घटनासहित परिवर्तन आएको दावा गरिए पनि मानव अधिकारका क्षेत्रमा भने खासै परिवर्तन आएको देखिदैन । यो अत्यन्तै दुःखको कुरा हो । आर्थिक विकास भयो भनियो तैपनि मानिसहरूमा कुपोषण व्याप्त छ, औषधोपचार नपाउँदा अकालमा मर्नु परेको छ । भोक, रोग मान्छेको नियती बनेको छ । भय र अभावमा उनीहरू बाँच्न विवश छन् । यस्ता समस्याबाट समाजलाई मुक्त गर्न तथा न्यूनीकरण गर्ने प्रयासले सार्थकता पाउन सकेको छैन । यसका लागि सरकार संवेदनशिल बन्न आवश्यक छ । मानव अधिकार संरक्षण गर्ने भनेर हरेक वर्ष डिसेम्बर १० तारिखमा अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाउने गरिन्छ । मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको दिनको सम्झनामा हरेक वर्ष आजकै दिन यो दिवस मनाउने गरिए पनि त्यसले सार्थकता प्राप्त गर्न सकिरहेको छैन । अहिले पनि जनताका गाँस, बास, कपासजस्ता आवश्यकताको परिपूर्ति गर्न सकिएको छैन । आर्थिक समस्या, सांस्कृतिक पहिचान र सामाजिक विचलनका जटिलतम पक्षहरू समाजमा दिनानुदिन सतहमा आइरहेका छन् । यी समस्याको अर्थ–राजनीतिक जड, संलग्न दोषी, समाधानको बाटो पहिल्याउनेमा मानव अधिकार आयोग बढी मात्रामा केन्द्रित हुनुपर्छ । कसैले पनि सम्मानजनक जीवन बाँच्न पाइनँ भनेर आँसु झार्न नपरोस् । यसर्थ सबैले समाजमा स्वतन्त्र र सम्मानजनक तरिकाले बाँच्न पाउने अधिकारको प्रत्याभूति गर्न पाउन् । त्यसतर्फ सरकार र मानवअधिकारका क्षेत्रमा काम गर्ने निकायहरुको ध्यान जाओस् ।

### Opinion @ Socia Network

मनै चसक्क हुने गरि भन्नेहरूको मुख
बन्द गर्ने दिन हाम्रो पनि कसो नआउला र ।

(गादव श्रेष्ठको फेसबुक स्टाटसबाट www.facebook.com/Yadab.S122)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# व्यवस्था खराब होइन अयोग्यहरूले बदनाम गराए



**मनोजकुमार कर्ण**

> *देशको सडकदेखि पुल, बाँध, नहर, उद्योग आदि विकास अनि स्थानीय उत्पादनको देश र विदेशमा ब्राण्डिङ भई आर्थिक सम्पन्नता देखिने थियो । संविधानलाई अभ्यास तीव्र र जनताका लागि इमानदार रूपमा सफल प्रयोगतर्फ दल र नेताहरूको ध्यान पुगेको भए देशमा बेरोजगारी र कमसल शिक्षा नभई राम्रो अवस्था भएर विदेश पलायन हुने थिएन । संवैधानिक अभ्यासको क्रममा माथि उल्लेखित समस्या देखापर्दा आपसी सहमतिमा सहजै एक भेग, लिंगका जनताका भावना अर्काले बुझ्दै संविधानलाई संशोधन गर्दैं आवश्यकता पूरा गर्दैं देश अगाडि बढ्ने थियो ।*

२०८२ फाल्गुण २१ गते प्रस्तावित आमचुनावमा २०६४ सालमा संविधानसभाको निर्वाचन हुनेबेला जनतामा बेग्लै उत्साह देखिई अधिकतम दल दर्ता भए झैं गत भदौ २३ गतेको जेन–जी विद्रोहपछि हाल दल निर्वाचन आयोगमा दर्ता भइरहेका छन् । यसले नेपालका जनता राणा, राजा, कम्युनिष्ट वा दलीय नाममा कोही व्यक्ति विशेष एकजनाको अथवा उसको पारिवारिक गलत प्रभावको शासन व्यवस्था मन नपराई खुला वैश्विक मानकको पूर्णलोकतन्त्रमै रमाउन चाहन्छन् भन्ने प्रमाणित हुन्छ । दलपति केही नेतामा अब गठबन्धन आदि गरेर उग्रदक्षिणपन्थी राजशाही फर्काउन वा उग्रवामपन्थी प्रत्यक्ष कार्यकारी राष्ट्रपति अथवा, प्रधानमन्त्री शासकीय स्वरूपमा नेपाललाई लाने मनसुवा पालेको देखिन्छ जुन चुनावी जनमतवाला टेष्टपछि उनीहरूले थाहा पाउनेछन् । हाल देश कस्तो अवस्थामा छ भने वर्तमान संविधान, २०७२ को पूर्ण कार्यान्वयन नै संघीयता र प्रदेश संरचनाका विरोधी एमाले, अधिकांश माओवादी तथा कांग्रेस, राप्रपा, रास्वपाहरूले विभिन्न कानुन बन्न दिएनन् तर संरचनालाई बद्नाम गराएका छन् । एउटा समुदायमात्रले खाइपाइ आएको सुविधा अन्य समुदायमा बाँडिन पुग्दा असैह्य भएको छ भने कसैलाई संरचनाको दोष देखाएर प्रतिगमन वा कथित् अग्रगामी छलाङ लगाएर देशमा प्रत्यक्ष कार्यकारी राष्ट्रपति अर्थात्, तानाशाह लाद्नुछ । कतिपय बुद्धिजीवी स्वयं वास्तविकताबाट विभिन्न पुराना, नयाँ मन्त्रीबाट नेता बन्दै गरेकाको संगतले विचलित भई संसदीय मोडेल असफल भइसक्यो भनेर बोलेको सुनिन्छ ।

**लोकतन्त्रका न्यूनतम् शर्त**

आधुनिक जमानाको लोकतन्त्र बुझ्नलाई अमेरिकाको येल युनिभर्सिटीका राजनीतिक वैज्ञानिक प्राध्यापक रबर्ट ए डाल विचार सन् १९९८ मा लिखित उनको एउटा पुस्तक अन डेमोक्रेसीबाट बुझ्नु जरुरी हुन्छ । उनका अन्य पुस्तक हु गवर्न्स ?, अ प्रिफेस टु डेमोक्रेटिक थ्योरी र डेमोक्रेसी एण्ड इट्स क्रिटिक्स् आदि छन् । करिब ४६० ईसापूर्वमा थ्रेस आज ग्रीसमा जन्मेका डेमोक्रिटसको नाममा उत्पन्न भएको डेमोक्रेसीको आधारभूत परिभाषा जनताद्वारा चुनिएका शासक जनताका लागि जनतामाथि शासन गर्नेभन्दा परिमार्जित रूपमा आजको आवश्यकता अनुसार डालले प्रस्तुत गरेका छन् । उनका अनुसार डेमोक्रेसी भनेको जनतालाई शासन गर्न चाहिने बराबर स्रोतसाधन र निकायको भिजनमाथि आधारित हो । उनको पुस्तकमा आधुनिक डेमोक्रेसीलाई वर्णन गर्न थ्योरी अफ् पोलिआर्की अर्थात्, समाजमा शक्ति धेरै प्रतिस्पर्धी एक्टर्समाझ बाँडफाँट गरिन्छ र प्लुरालिस्ट डेमोक्रेसी कुरामा आधारित छन् । उनले अन डेमोक्रेसी (प्राध्यापक ऋषिकेश उपाध्यायद्वारा नेपालीमा अनुवादित प्रजातन्त्रका बारेमा नामक उही पुस्तक)मा अमेरिका, युरोप, अफ्रिका, एशियालगायत संसारमा हरेक देशमा विद्यमान लोकतन्त्रलाई मिहिन अध्ययन गरेर तिनीहरूबीच पाइने समानताका आधारमा वर्गीकृत गरी समग्रमा कुनै देशले यदि मेरोमा लोकतन्त्र छ भन्छ भने पाँचवटा न्यूनतम् शर्त हुनैपर्छ भन्छन् । ती हुन् : मतदानमा बराबरी, प्रभावकारी सहभागिता, उन्नत आपसी समझदारी, एजेण्डामाथि अन्तिम नियन्त्रण हुनुपर्ने र समावेशिता ।

**नेपालमा वर्तमान संविधान**

नेपालको वर्तमान संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान, २०७२ को पूर्ण प्रयोगका निम्ति चाहिने कानुन संसद्बाट पारित भएर गरिएको भए सबै समस्या जस्तै संसद्मा एउटा दलले बहुमत ल्याएर स्थिर सरकार बनाउन हाल नसक्ने र महँगा निर्वाचन प्रणाली, समाधान नभए पनि जनताका लागि चाहिने आधारभूत गाँस, बास र कपास अनि बोल्न र लेख्नलाई लोकतान्त्रिक वातावरण, सबै धर्मको संरक्षणसहित सनातन हिन्दु धर्म बाहुल्य रहेको नेपालको पहिचान कायम, घरदैलोबाट राज्यको सुविधा प्राप्त गर्ने संघीय, प्रदेश र स्थानीय सरकार, विभिन्न समूहका जनताले समानुपातिक, समावेशी निर्वाध राज्यको स्रोतसाधनमा सुविधा पाउने आदि पूरा हुन्थे । देशको सडकदेखि पुल, बाँध, नहर, उद्योग आदि विकास अनि स्थानीय उत्पादनको देश र विदेशमा ब्राण्डिङ भई आर्थिक सम्पन्नता देखिने थियो । संविधानलाई अभ्यास तीव्र र जनताका लागि इमानदार रूपमा सफल प्रयोगतर्फ दल र नेताहरूको ध्यान पुगेको भए देशमा बेरोजगारी र कमसल शिक्षा नभई राम्रो अवस्था भएर विदेश पलायन हुने थिएन । संवैधानिक अभ्यासको क्रममा माथि उल्लेखित समस्या देखापर्दा आपसी सहमतिमा सहजै एक भेग, लिंगका जनताका भावना अर्काले बुझ्दै संविधानलाई संशोधन गर्दैं आवश्यकता पूरा गर्दैं देश अगाडि बढ्ने थियो ।

२०७२ सालमा संविधान बन्दै गर्दा मधेसमा बस्ने जनताको असन्तुष्टि, देशमा तनाव रहँदै पुरानो र ठूलो दल कांग्रेसका मधेसी र गैरमधेसी सबै नेताले कम्तीमा सैद्धान्तिक रूपले लेखनमा परिसकेका कुरा संघीयता, लोकतन्त्र र गणतन्त्र भएको यो संविधानलाई पारित गरौं र मधेसी, आदिवासी, जनजाति, महिला, दलितलगायत असन्तुष्ट वर्गका तपसिलका अन्य कुरापछि संविधान संशोधनमार्फत् पूरा गर्दै जाने भनी संविधान अशोज ३ गते पारित गरियो तर सो दिनदेखि नेपालमा विगत करिब एघार वर्षमा के देखियो भने संविधानमा भएको कुरा अनुदार सबै कम्युनिष्ट, राजावादी राप्रपा तथा लोकतान्त्रिक कांग्रेसमा पनि रहेर संविधान र २०६२ र २०६३ सालको जनआन्दोलन, मधेसीलगायत अन्य अधिकारको आन्दोलनले प्राप्त अधिकारप्रति आफूमा परिवर्तन ल्याउन नसक्नेहरूले रास्वपा आदि खोलेर वा कांग्रेसमै रहेर प्रदेश, संघीयता आदि विरुद्ध संसद्सम्म लागिरहे । अधिकारवञ्चित समूहलाई संविधान संशोधनको विषय खोजेका अधिकार प्राप्तिका लागि जरुरी हुनेभयो । आफूलाई समयानुसार परिवर्तन गर्न नसक्नेका लागि यही संविधान संशोधनको विषय अझ षड्यन्त्र गरी संसद्मा बहुमत पुऱ्याएर पाएको अधिकारसमेत कटौती गर्न हतियारको रूपमा भइदियो । वर्तमान संविधानको पूर्णप्रयोग नै नेपालमा आजसम्म नभएको अवस्थामा संसदीय व्यवस्था, प्रदेश, गणतन्त्र, संघीयता, प्रमुख प्रशासक प्रधानमन्त्री आदि असफल कसरी हुन पुगे ? तसर्थ, नेता संविधान पूर्णकार्यान्वयनमा इमानदार भएनन्, बुद्धिजीवीले मिडियामा बोल्न, लेख्न चाहेनन्, बुद्धिजीवी र युनिभर्सिटीका प्राध्यापक यस्ता विषयमा इमानदार भएनन् । लेखक रबर्ट डालका अनुसार नेपालमा सबै खाले जनतालाई चाहिने लोकतान्त्रिक अधिकार हामी कांग्रेस, कम्युनिष्ट, दरबारिया दल, रास्वपा आदि भए पनि व्यवहारमा भने केही दिन चाहेनौं । हामीले जनतालाई झुक्याउन नयाँ-नयाँ शब्दजाल दिनहुँ रच्यौं, नातावाद कृपावादभन्दा माथि उठ्न सकेनौं । सलाई हामीले किन्यौं तर काँचो खानेकुरा पकाउन र जाडोमा जिउ न्यानो पार्नभन्दा दुश्मनी र रिसले अरूको घरमा आगो लगाउनलाई काँटी कोर्यौं । अनि दोष दियौं आगोको अविष्कारकलाई । वास्तवमा नेपाल राजनीतिक दलका चरित्रका लागि बेलायती हाल प्रधानमन्त्री कार्यकारीसहित वर्तमान दुई सदनात्मक प्रणाली नै उत्तम हो, यसको सफल प्रयोग पारदर्शी जनहितका कानुन निर्माण गरी काम गर्ने हो न कि विकल्प खोजेरपछि देश अनियन्त्रित अतिवादमा फस्दा रुनेमात्र हो ।

**प्रत्यक्ष कार्यकारी खतरा**

नेपाल हिजो व्यक्ति केन्द्रित शासनहरू राजा र राणा सबै व्यहोरिसकेको देश हो तर २००७ साल अनि २०४६, २०६२ र २०६३ सालमा देशले ठूला परिवर्तन ल्याउन विवश भयो, किन ? यो अहम् सवाल हो किनकि हाम्रा व्यवस्था जति राम्रा भए पनि शासक लोकतान्त्रिक, उदार, देश दुनियाँ बुझ्ने, समाज बुझ्ने, सामन्तवादी चाकडी त्यागने, जनताका बच्चा पनि म शासक जस्तै खुशी र उच्च ओहदामा पुगेका देख्नसक्ने गुण भएका भइदिएनन् । नेताहरूमा परिवारवाद, नातावाद, कार्यकर्ता पोस्नेमात्र दायित्वबोध र नमरुन्जेल पद छोड्नु नपरे हुन्थ्यो भनेजस्तो सोच देखिन्छ त्यसले देशको भलाइ हुनसकेको छैन । पटक-पटक संसद् विघटन, लोकतन्त्रमा शक्ति पृथकीकरणको सिद्धान्तविपरीत सबै शक्ति प्रधानमन्त्री कार्यालयमा थुपार्नु, कांग्रेससमेतले विरोध नगर्नुमात्र होइन कि आफू सरकार सम्हाल्दा पनि पुनः शक्ति पृथकीकरणतर्फ ध्यान नदिनु, योग्यभन्दा लोभलालच र स्वार्थमा नियुक्तिहरू बाँडिनु, देशको आर्थिक गतिविधि पारदर्शी नगर्नु, पक्राउ परेका नेताहरूलाई शक्ति प्रयोग गरेर अख्तियार, प्रहरी हिरासतबाट छुटाई मुद्दा कमजोर पार्नु, क्याबिनेट डिसिजन गरेर नीतिगत भ्रष्टाचार गर्नु, अदालतमा दलगत मान्छे नियुक्त गरेर आफू चोखिएर समग्रमा अदालतलाई नियन्त्रण गर्न खोज्नु आदिले भोलि यो देश एकजना मान्छ राष्ट्रपतिको हातमा कार्यकारी गयो भने नसोचेको नवतानाशाही जनतामाथि लादिने पक्का छ । टेस्टेडलाई जनताले यदि कार्यकारी अधिकारसहितको राष्ट्रपतीय लगाम दिए भने देश कहाँ पुग्ला भन्ने टड्कारो सवाल हो । वर्तमान संविधान कार्यान्वयनमा नेपालका नेताहरू इमानदार र चालचरित्रमा लोकतान्त्रिक नहुनु समस्या हो । संसदीय व्यवस्था र यही चरित्र लिएर कार्यकारी राष्ट्रपति देशमा ल्याउँदा अझ मनोमानी गर्नसक्ने नेता सुेलान् जस्ता सवाललाई मनन् गरेरमात्र आमजनता माझ जान मनासिव हुनेछ ।

*–इहिमालय टाइम्स डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१–५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१–५४१२३३
- भैरहवा ०७१–५२०१९९
- अर्घाखाँची ०७७–५२११९९
- गुल्मी ०७९–५२०१९९
- परासी ०७८–५२०१९९
- तौलिहवा ०७६–५६००९९
- पाल्पा ०७५–५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१–५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
- पिचन्द्र परासी ०७८–५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
- बुटवल हस्पितल ०७१–५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१–५४४६००
- लियो क्लब अफ बुटवल ०७१–५४५८९३
- रेडक्रस भैरहवा०७१–५२०२६३
- रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
- परासी ०७८–५२०१२५
- रेडक्रस पाल्पा ०७५–५२०६००
- रेडक्रस तौलिहवा ०७६–५६००१५
- रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०८९–५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६–६९०१०२
- रेडक्रस देवदह ०७१–५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : पारिवारिक सद्भावमा कमी आउनेछ। पशुपालनबाट राम्रो लाभार्जन गर्न सकिनेछ। | **तुला** : नयाँ कार्यप्रति मन जानेछ। प्रशासनिक वा राज्य पक्षबाट सहयोग मिल्नेछ। |
| **वृष** : मित्रवर्गहरूबाट सहयोग मिल्नेछ। सानो दूरीको सुखद यात्राको योग छ। | **वृश्चिक** : भाग्य सबल रहनेछ। नयाँ कार्यमा रूचि उत्पन्न हुनेछ। |
| **मिथुन** : मिठो बोलीको सकारात्मक प्रभाव पर्नेछ। उत्तम भोजनको आनन्द मिल्ला। | **धनु** : मन अशान्त रहनेछ। खोजी स्वभावले ठूलो समस्याबाट बचिएला। |
| **कर्कट** : सामाजिक कार्यको लागि दिन अनुकूल रहनेछ।व्यक्तित्वमा निखार आउनेछ। | **मकर** : जीवनसाथीको स्वास्थ्यमा सुधार आउनेछ। कानुनी पक्ष सबल रहनेछ। |
| **सिंह** : अनावश्यक यात्रामा धन खर्चका योग छन्। काममा समय व्यतीत हुनेछ। | **कुम्भ** : सहयोगीहरूले साथ दिनेछन्। अरुको लागि श्रम वा बुद्धि खर्च गर्नुपर्ला। |
| **कन्या** : व्यवसायमा मनग्य लाभ आर्जन गर्न सकिनेछ। मन उत्साहित रहनेछ। | **मीन** : प्रेममा सफलता मिल्नेछ। मनमा परोपकारको भावना जागृत हुनेछ। |

कला मनोरञ्जन


# 'नृत्य नेपाली पाराको' दोस्रो संस्करण घोषणा



'नृत्य नेपाली पाराको' दोस्रो संस्करणको घोषणा गरिएको छ । आइतबार काठमाडौंमा पत्रकार सम्मेलन कार्यक्रम गर्दै प्रतियोगिताको औपचारिक घोषणा गरिएको हो । नृत्य निर्देशक संघ नेपालका केन्द्रीय अध्यक्ष तथा वरिष्ठ नृत्य निर्देशक भुवनदास श्रेष्ठको प्रमुख आतिथ्यता र एभरेट नेपाल कल्चर ग्रुपका अध्यक्ष आरसी कोइरालाको विशेष आतिथ्यतामा कार्यक्रम भएको थियो । कार्यक्रममा निर्देशक शम्भु शाही, सुनिल गिरी, कृष्ण रसाल, रमेश बुढाथोकी, अजय विष्ट, सरोज श्रेष्ठ, रिषिकेश श्रेष्ठ, रमेश पाठक, शिला गजुरेललगायतले प्रतियोगिताको सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो । यस्तै बुद्ध लामा, सन्देश लामा, अभि लामालगायतको सक्रिय उपस्थिति रहेको थियो । आयोजक संस्था नेपाल लोक नृत्य सेन्टरका अध्यक्ष केशव कोइरालाले प्रतियोगिताको विस्तृत जानकारी प्रस्तुत गर्नुभएको थियो । कोइरालाका अनुसार प्रतियोगिता दुई तहमा सञ्चालन हुनेछ । जुनियर समूहमा कक्षा २ देखि ५ सम्मका विद्यार्थी र सिनियरमा समूहमा कक्षा ६ देखि १० सम्मका विद्यार्थीले प्रतिस्पर्धा गर्नेछन् । प्रतियोगितालाई नृत्य नेपाल संघले सहकार्य गरेको छ । प्रतियोगिताको मुख्य निर्णयकमा शम्भु शाही हुनुहुन्छ भने अन्य निर्णयकमा अनिता गोले तामाङ, रमेश बुढाथोकी, कृष्ण रसाल रहनुभएको छ । अडिसन राउण्डबाट छनोट भएका दुईवटै क्याटेगोरीका विद्यार्थीलाई नृत्य कार्यशाला (वर्कसप) गराइनेछ । जसको प्रशिक्षकमा दक्षिणा लामा दावा, सरोज श्रेष्ठ र अभि वाग्ले हुनुहुन्छ । यस कार्यक्रमको आर्थिक प्रमुखमा सन्देश तामाङ, व्यवस्थापक प्रमुखमा अनिल भुजेल, कार्यक्रम निर्देशकमा बाबु सेञ्चुरी र पब्लिक कोडिनेटरमा बुद्ध लामा रहनुभएको छ । प्रतियोगिताको वर्कसप दस्तुर तीन हजार ५०० रुपैयाँ तोकिएको छ । आवेदन फारम दर्ता शुल्क ५०० रुपैयाँ रहनेछ । वर्कसपपछि सहभागीको फोटोशुट पनि गरिने आयोजकले जनाएको छ । प्रतियोगितामा सहभागी विद्यार्थीले आवश्यक सामग्री स्वयं व्यवस्था गर्नुपर्नेछ । उनीहरूले नेपाली गीतमा मात्र प्रस्तुति दिन पाउनेछन् । प्रतियोगिताका विजेतालाई आकर्षक पुरस्कारको व्यवस्था गरिएको छ । प्रथम पुरस्कारमा २० हजार रुपैयाँ, दोस्रोमा १० हजार, तेस्रोमा सात हजार, चौथोमा पाँच हजार र पाँचौं पुरस्कारस्वरूप पाँच हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिनेछ । यसको साथै उत्कृष्ट हाउभाउ, भेषभूषा, मौलिकता, दर्शकको रोजाइ र उत्कृष्ट प्रस्तुति गरी पाँच विशेष विधामा पनि ट्रफी, मेडल र प्रमाणपत्रसहित सम्मान गरिने जनाइएको छ । आयोजकले 'नृत्य नेपाली पारा'लाई बालबालिकाको प्रतिभा अभिव्यक्तिको मञ्चका रूपमा प्रभावकारी रूपमा अघि ल्याइने विश्वास व्यक्त गरेका छन् ।

*-इहिमालय टाइम्स डटकम*

# फिल्म 'आ बाट आमा'को टिजर रिलिज




आर्या इन्टरटेन्मेन्ट प्रालिको प्रस्तुतिमा निर्माण भएको फिल्म 'आ बाट आमा'को टिजर सार्वजनिक भएको छ । सार्वजनिक टिजरमा परदेशिन लागेका छोरालाई बुबाआमाको माया कतिसम्मको हुन्छ भन्ने यथार्थ कथालाई प्रस्तुत गरिएको छ । टिजरमा अभिनेता पल शाह सिरानीमाथी पासपोर्ट राखेका छन् भने उनका बुबा प्रदीप रावत र आमा बिपना थापा रातभरि रोएर बसेका छन् । छोराको बिदाइ गर्नुअघि बुबा आमालाई अनिन्द्रो देखिन्छ । उनीहरू छोरा परदेशिन लागेको रात रोएरै उज्यालो बनाएका छन् । फिल्मको टिजरले दर्शकलाई निकै भावुक बनाउने देखिन्छ । किनभने बिपना थापा र प्रदीप रावतको अभिनयले टिजरमै भावुक बनाउन सफल भएका छन्। परदेशिन लागेको नेपाली युवाको कथालाई फिल्मको पर्दामा निर्देशन चन्द्र पन्तले पोख्न सफल भएका छन् । आगामी माघको १६ गतेबाट रिलिज हुने यो फिल्ममा प्रदीप रावत, बिपना थापा र पल शाहका अलावा सिम्रन पन्त, साइग्रेस पोखरेल, उषा उप्रेती, रविन्द्र झा, गजित बिष्ट, अंशु महर्जन, बेगम नेपाली लगायतले अभिनय गरेका छन्। साथै बालकलाकारमा समाइरा थापा र शान अधिकारी रहेका छन् । निर्देशक पन्तकै कथा, पटकथा रहेको यस फिल्ममा अभिमन्यू निरवीले लेखेका हुन्। फिल्मको संवादमा अमर न्यौपाने, अभिमन्यू निरवी र चन्द्र पन्तले सहकार्य गरेका छन् भने लगानी कृष्ण प्रसाद सुवेदी, ओमकार पन्त, प्रकाश जंग कुँवर ध्रुव प्रसाद न्यौपाने र क्षितिज ढुंगानाले गरेका छन् । यस फिल्मको कार्यकारी निर्माता करण सिंह रसाइली रहेका छन् । नवराज उप्रेतीको छायाङ्कन, गम्भीर बिष्ट र दिलिप ओखडाको कोरियोग्राफी रहेको यस फिल्मका गीतमा कोशिश क्षेत्री, थानेश्वर गौतम, बाबुल गिरी, अभी सुनारको संगीत सुन्न सकिने छ । यस फिल्मको सम्पादन साहिल खान र मिलन श्रेष्ठले गरेका छन् भने फिल्मलाई आर आर फिल्मस्का लागि रोहित कट्टेल र रतन श्रेष्ठले वितरण गर्दैछन् ।

*-रातोपाटी डटकम*

# 'झरीपछिको इन्द्रेणी'को ट्रेलरमा के छ ?




हास्य कलाकार अर्जुन घिमिरे 'पाँडे'को डेब्यु निर्देशकीय फिल्म 'झरीपछिको इन्द्रेणी'को ट्रेलर सार्वजनिक गरिएको छ । आइतबार काठमाडौंमा आयोजित एक कार्यक्रमका बीच फिल्मको २ मिनेट ५५ सकेण्ड लामो ट्रेलर सार्वजनिक गरिएको हो । ट्रेलरले कथावस्तुका बारेमा प्रकाश पारेको छ । भ्रष्टाचार र बेथितीविरुद्ध एक जेनजी युवाले काठमाडौंको माइतीघर मण्डलाबाट थालेको आन्दोलनको कथावस्तुमा फिल्म आधारित रहेको संकेत ट्रेलरले दिन्छ । विदेश गएर उच्च शिक्षा अध्ययन गर्ने युवाको सपना पूर नहुँदा उसले कसरी भ्रष्टाचार र बेथितीविरुद्ध आन्दोलन गर्छ भन्ने कथा यसमा देखाइएको छ । नागराज इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण भएको यो फिल्मबाट अभिनेता गणेश उप्रेती करिब ९ वर्षपछि कमब्याक गरेका छन् । फिल्ममा गणेशसहित रमेश उप्रेती, प्रकाश घिमिरे, दीपाश्री निरौला, सरिता गिरी, देशभक्त खनाल, निर्मल शर्मा, कृष्ण शिवाकोटी, कृष्णभक्त महर्जन, अर्जुन घिमिरे, प्रियना आचार्य, अंशु महर्जन, राजेन्द्र नेपाली, लक्षणा राई लगायतको अभिनय छ । आगामी पौष ४ गते प्रदर्शनमा आउन लागेको यो फिलमबाट कलाकार विमोचन दवाडी र जेसिका पोखरेलले डेब्यू गरेका छन् भने बाल कलाकारमा दिप्सन चिलवाल छन् । निर्देशक घिमिरे स्वयंको कथा रहेको फिल्मको पटकथा र संवाद गणेश कार्की र विशाल घिमिरेले मिलेर लेखेका हुन् । फिल्मका छायांकार बुद्ध थापा हुन् ।

*-फिल्मी खबर डटकम*

# कलाकारका नाममा पैसा माग्ने प्रवृत्ति बढ्दै




कलाकारहरूको नाम र फोटो दुरुपयोग गरेर प्रंशसकहरूसँग पैसा माग्ने प्रवृत्ति बढेको छ । सार्वजनिक रूपमा पोस्ट भइसकेका फोटोहरू दुरुपयोग गर्दै सामाजिक सञ्जालमार्फत पैसा माग्ने प्रवृत्ति बढेको हो । अहिले सामाजिक सञ्जालमा यसबारे कलाकारहरूले लेख्न थालिका छन् । केही दिन जोन एन्ड दी लोकल्सका गायक जोन चाम्लिङले यस्तो हर्कतबारे खुलेरै लेखे । उनले कसैले आफ्नो नाम र फोटो प्रयोग गरेर पैसा मागिरहेकोबारे सबैलाई जानकारी गराइसकेका छन् । त्यस्तै स्वप्निल शर्मा संलग्न 'स्वर'ले पनि यस प्रकारको ठगीबाट बच्न आग्रह गरेको छ । यसमा पूर्ण राई एन्ड दाजुभाइका गायक पूर्ण राईले पनि यस प्रकृतिको सूचना निकालेका छन् । सामान्यतया: कलाकारहरू आफ्नो प्रंशसकहरूसँग सामाजिक सञ्जालमार्फत पैसा माग्ने गर्दैनन् । तर, यस ट्रेन्डलाई विश्लेषण गर्दा ठगहरूले प्राय: कलाकारहरूको नाम र फोटो प्रयोग गरेर नक्कली अकाउन्ट बनाउने गर्छन् । अनि त्यसबाट अन्य व्यक्तिलाई म्यासेज पठाउँदै पैसा माग्ने गरिन्छ । यसबाट बँच्न कलाकारहरूका वास्तविक अकाउन्टलाई फलो गर्ने, त्यसप्रकृतिको म्यासेज आए अकाउन्ट चेक गर्ने, नक्कली भेटिएको खण्डमा रिपोर्ट गर्ने, त्यस्ता अकाउन्टमार्फत आएका म्यासेजहरूलाई वेवास्ता गर्ने लगायतका काम गर्न सकिन्छ ।

*-अनलाइन खबर डटकम*

# पारिवारिक कथावस्तुमा आधारित 'लोकन्ती'




नेपाली कथानक सिनेमा 'लोकन्ती' आगामी मंसिर २६ गते शुक्रबारदेखि देशभरका सिनेमा हलहरूमा एकसाथ प्रदर्शनमा आउने भएको छ । कृशन फिल्म्सको ब्यानरमा निर्माण भएको 'लोकन्ती' प्रदर्शन मिति सार्वजनिक भएसँगै सिनेमाको फस्ट लुक पोस्टर पनि सार्वजनिक गरिएको छ । निर्देशक रञ्जित रानाले 'लोकन्ती' लाई परिवार, प्रेम, संघर्ष, शान्ति र समाजका सूक्ष्म द्वन्द्वलाई कथाको केन्द्रमा राखेर तयार पारिएको पूर्ण पारिवारिक ड्रामाको रूपमा प्रस्तुत गरेका छन् । सिनेमाका निर्माता सन्तोष न्यौपाने हुन् । काभ्रे जिल्लाका वास्तविक र प्राकृतिक लोकेशनमा छायांकन गरिएको यस सिनेमामा अभिनेता एसराज गराच मुख्य भूमिकामा देखिँदैछन्। एसराजसँगै अभिनेत्री तथा मोडल ऋचा थापाको अनस्क्रिन केमिस्ट्री देख्न पाइनेछ, जसले पारिवारिक प्रेमकथाभित्र लुकेका सामाजिक संवेदनाहरू उजागर गर्ने लक्ष्य राखेको छ । सिनेमामा विमला लिम्बु, दमन रुपाखेती, गोविन्द प्रभात लगायतका कलाकारहरूको पनि मुख्य भूमिका रहेको छ। विशेषगरी, कुमार न्यौपाने र विकाश अधिकारीले यसै सिनेमा मार्फत आफ्नो अभिनय यात्राको सुरुवात गरेका छन् र उनीहरू आफ्नो डेब्युलाई लिएर उत्साहित छन् । सिनेमाको प्राविधिक पक्षमा विकास चौधरीको संगीत निर्देशन तथा रोनिश तामाङ च्याङ्बाको छायांकन रहेको छ । नेपाली संस्कृतिमा आधारित भावनात्मक तथा सामाजिक कथानक प्रस्तुत गर्ने 'लोकन्ती' ले दर्शकलाई नयाँ स्वाद दिने अपेक्षा गरिएको छ ।

*-हाम्रा कुरा डटकम*

# आज अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाईंदै




**पाल्पा,** पुस २३/आज नेपालहित विश्वभर अन्तर्राष्ट्रिय मानव अधिकार दिवस विभिन्न कार्यक्रम गरी मनाईदैछ । सन् १९४८ डिसेम्वर १० मा संयुक्त राष्ट्रसंघको महासभाले मानव अधिकारको विश्वव्यापी घोषणा पत्र जारी गरेको दिनको सम्झनामा हरेक वर्ष आजकै दिन विश्वभर यो दिवस मनाउने गरेको हो । नेपालमा पनि बुधबार विविध कार्यक्रम गरी मनाइदैछ ।

लम्बिदो संक्रमणकाल र राजनीतिक अस्थिरताको कारण नेपालमा मानव अधिकारको अवस्था कमजोर हुँदै गएको छ । विधिको शासनको अभावले गर्दा लामो समयअघिका पीडितले समेत न्याय पाउन सकेका छैनन् । विगत दशवर्षे सशस्त्र युद्धको समयमा ठूलो संख्यामा हत्या, हिंसा तथा अपहरण जस्ता मानव अधिकार हनन्का घटनाहरु भएका थिए । युद्धका घाउमा मल्हम लगाउने उद्देश्यले सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपत्ता छानविन आयोग गठन गर्ने भनिए पनि गठन हुन सकेका छैनन् । द्वन्द्वको कालखण्डमा सन् २००३ र २००४ नेपाल विश्वमै सर्वाधिक नागरिक बेपत्ता पारिने मुलुक नै बन्न पुगेको थियो । मुलुक संक्रमणकालमा गुज्रिनुका साथै नयाँ संविधान जारी हुन नसक्दा मानव अधिकारको अवस्था जोखिमपूर्ण रहेको अधिकारकर्मीहरु बताउँछन् । नेपालको संविधानले मानवअधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन र प्रभावकारी कार्यान्वयनको सुनिश्चितालाई जोड दिएको छ । मानव अधिकार दिवस मनाउनुको उद्देश्य संसारका सबै मानिसले सुरक्षाको प्रत्याभूति गरून् र भेदभावरहित, स्वतन्त्रतापूर्ण जीवन जिऊन सकून् भन्ने हो । मानव अधिकारमा स्वास्थ्य, आर्थिक समाजिक, शिक्षाको अधिकार पनि पर्छन् । नेपालको संविधानले नागरिक तथा राजनीतिक अधिकारसहित आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको संरक्षण तथा सम्बर्द्धन गर्दै विधिको शासन कायम गर्ने प्रावधानलाई उच्च प्राथमिकता दिएको छ । समावेशीकरणको नीतिद्वारा सबै वर्ग र समुदायका सिमान्तकृत समुदायलाई राज्यको मूलधारमा ल्याउन पनि संविधानले निर्दिष्ट गरेको छ । मानवअधिकारको प्रवर्द्धन र कार्यान्वयन गर्न संवैधानिक आयोग अनि विभिन्न निकायहरू क्रियाशील छन् ।

## खेलकुद समाचार

### बङ्गलादेशका पूर्वकप्तान शकिबले सन्न्यास फिर्ता लिए



**काठमाडौं,** मंसिर २३/बङ्गलादेशका पूर्वकप्तान शकिब अल हसनले टेस्ट र टी-२० अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्न्यास फिर्ता लिएका छन् । ३८ वर्षीय अलराउन्डर हसनले टेस्ट र टी-२० बाट सन्न्यास फिर्ता लिँदै तीन वटै फर्म्याट खेल्ने इच्छा व्यक्त गरेका हुन् । शकिबले एक वर्षभन्दा धेरै समयदेखि अन्तर्राष्ट्रिय क्रिकेट खेलेका छैनन् र गएको वर्ष टेस्ट र टी-२० बाट सन्न्यास लिएका थिए । इङ्ल्यान्डका क्रिकेटर मोइन अलीको 'बियर्ड बिफोर विकेट' पोडकास्टमा शकिबले आफूले आधिकारिक रूपमा सबै फर्म्याटबाट सन्न्यास नलिएको बताए । उनले आफ्नो योजना बङ्गलादेश जाने र सन्न्यास लिनुअघि एकदिवसीय अन्तर्राष्ट्रिय, टी-२० र टेस्टको पूर्ण शृङ्खला खेल्ने रहेको सुनाए । शकिब सन् २०२४ को मेदेखि बङ्गलादेश फर्किएका छन् । गएको वर्षको अगस्ट ५ मा उनी सांसद रहेको अवामी लिग नेतृत्वको सरकार ढलेको थियो । त्यसपछि शकिबले पाकिस्तान र भारतमा टेस्ट शृङ्खला खेले । कानपुरमा भारतसँगको दोस्रो टेस्ट उनको पछिल्लो अन्तर्राष्ट्रिय खेल थियो ।

## अर्थ/कर्पोरेट समाचार

### नेप्सेमा सामान्य सुधार



**पाल्पा,** मंसिर २३/पछिल्लो छ दिन निरन्तर कारोबार घटेको पुँजी बजारमा मंगलबार भने सामान्य अङ्कको सुधार देखिएको छ । सो अवधिमा नेपाल नेप्से परिसूचक सात दशमलव ३९ अङ्कले बढेर दुई हजार ६ सय १४ दशमलव ०७ को बिन्दुमा कायम भएको हो ।

३ सय ३१ कम्पनीको ८७ लाख ४२ हजार ८४ कित्ता शेयर ६२ हजार ६ सय ६५ पटक खरिद बिक्री हुँदा कारोबार रकम रू तीन अर्ब ७५ करोड ५० लाख २७ हजार ७ सय ९५ मा खुम्चिएको छ । मंगलबारको कारोबारमा बैंकिङ शून्य दशमलव १२, लघुवित्त शून्य दशमलव ०६, निर्जीवन बीमा शून्य दशमलव १७ र व्यापार समूह शून्य दशमलव ०१ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । विकास बैंक शून्य दशमलव ३१, वित्त शून्य दशमलव ४०, होटल तथा पर्यटन शून्य दशमलव ८८, जलविद्युत् शून्य दशमलव ८४, लगानी शून्य दशमलव १६ र जीवन बीमा शून्य दशमलव ८२ प्रतिशतले बढेको छ । उत्पादन तथा प्रशोधन शून्य दशमलव ५३, म्युचुअल फण्ड शून्य दशमलव ३७ र अन्य समूह शून्य दशमलव ३४ प्रतिशतले बढेको छ । स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड र श्रीनगर एग्रीटेक इन्डस्ट्रिज लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ ।

सबैभन्दा धेरै गुमाउनेमा भने हिमस्टार ऊर्जा कम्पनी लिमिटेडको शेयर मूल्य तीन दशमलव ८८ प्रतिशतले घटेको छ । कारोबार रकम र शेयर सङ्ख्याका आधारमा सबैभन्दा धेरै ङादी ग्रुप पावर लिमिटेडको रू ३१ करोड ९२ लाख छ हजार ७१३ बराबरको सात लाख ६८ हजार ६५ कित्ता शेयर किनबेच भएको छ ।

# लुम्बिनी महोत्सवबाट १२ करोडको कारोबार




**देवदह (रुपन्देही),** मङ्सिर २३/ यही मङ्सिर ३ देखि २१ गतेसम्म सिद्धार्थनगर नगरपालिका-८ स्थित अञ्चलपुरमा सञ्चालित सातौँ लुम्बिनी महोत्सवमा १२ करोडको कारोबार भएको छ । उद्योग, व्यापार, कृषि तथा पर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याउने उद्देश्यले आयोजना गरिएको महोत्सव १२ करोडको कारोबार भएको आयोजकले जनाएको छ ।

चेम्बर अफ कमर्स तथा उद्योग व्यापार सङ्गठन, रुपन्देहीको आयोजनामा महोत्सव भएको थियो । महोत्सव एक लाख २० हजार दर्शकले अवलोकन गरेको चेम्बर अफ कमर्सका अध्यक्ष एवं महोत्सव मूल आयोजक समितिका संयोजक सचिन रोक्काले जानकारी दिए । यसपटकको महोत्सवको मुख्य आकर्षण नेपालमै पहिलोपटक भियतनामबाट ल्याइएको जलपरी र फिस टनेल थिए । यस्तै, महोत्सवमा राष्ट्रिय, घरेलु तथा साना उद्योगको उत्पादन, अटो, बैंक तथा वित्तीय संस्थालगायतको प्रवर्द्धन गरिएको थियो । महोत्सवले भैरहवा र यस आसपासको बजार चलायमान बनाउन कोशेढुङ्गा सावित भएको आयोजकको दाबी छ । महोत्सवमा ३०० स्टल रहेका थिए । महोत्सवको एक समारोहकाबीच समापन गरिएको छ । समारोहमा लुम्बिनी प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्कीले मण्डप बनाउनु ठूलो कुरा नभए पनि मण्डप निर्माणपछि महोत्सवबाहेक अन्यबेला स्थान कत्तिको प्रयोग हुन्छ भन्नेतर्फ पनि ध्यान दिनुपर्ने बताए । "मण्डप बनाएपछि वर्षमा एकपटक महोत्सव सञ्चालन गरेर मात्रै पुग्दैन, अन्य कार्यक्रम पनि गरिरहनुपर्छ", उनले भने । मन्त्री कार्कीले भैरहवास्थित गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलबाट नियमित अन्तरराष्ट्रिय उडानका लागि प्रदेशस्तरबाट पहल भइरहेको बताए । नेपालमा सयभन्दा ठूला दरका भारु नोट चलाउन भारतीय केन्द्रीय बैंक स्वीकृति दिनु खुसीको विषय भएको उनको भनाइ छ ।


वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई